# भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान

भरतपुर महानगरपालिका
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल
स्था: २०७८

प.स.: 20८३।0८४ प्रज्ञा
च.नं.: ०६

मिति: २०८३।०६।०७

## भरतपुर प्रज्ञा जर्नलका लागि लेख रचना आह्वान सम्बन्धी सार्वजनिक सूचना।

'भरतपुर प्रज्ञा जर्नल'को सम्पादक मण्डल आगामी अङ्क ५ का लागि विद्वान, अनुसन्धानकर्ता र प्राज्ञिक व्यक्तित्वहरूबाट मौलिक अनुसन्धानमूलक लेखहरू आह्वान गर्दछ। हामी प्राज्ञिक विमर्शमा अर्थपूर्ण योगदान पुऱ्याउने र नयाँ दृष्टिकोण प्रदान गर्ने उच्च गुणस्तरीय तथा यसअघि कतै प्रकाशित नभएका लेखहरूको खोजीमा छौं।

**लेखकका लागि निर्देशनहरू :**

प्राज्ञिक मापदण्डलाई कायम राख्नका लागि पेश गरिने सबै लेखहरूले तल उल्लेखित ढाँचा र संरचनात्मक आवश्यकताहरू अनिवार्य रूपमा पालना गरेको हुनुपर्नेछ:

- **फन्ट र आकार (Font and Size):** नेपाली लेखका लागि युनिकोड (Kokila फन्ट) र १४ साइज, तथा अंग्रेजी लेखका लागि टाइम्स न्यु रोमन (Times New Roman) फन्ट र १२ साइज प्रयोग गर्नुपर्नेछ।
- **कुल शब्द सङ्ख्या:** ४,००० देखि ५,००० शब्दहरू।
- **शीर्षक:** २० शब्द नबढ्ने गरी छोटो र वर्णनात्मक हुनुपर्नेछ।
- **मुख्य शब्दहरू (Keywords):** ५ देखि ७ वटा सान्दर्भिक शब्दहरू।
- **सारसंक्षेप (Abstract):** १५० देखि २५० शब्दहरूमा विस्तृत सार।
- **परिचय (Introduction):** ५०० देखि ७०० शब्दहरू। यस खण्डमा मुख्य अनुसन्धान प्रश्नहरू (Research questions) स्पष्ट रूपमा उल्लेख गरिएको हुनुपर्नेछ।
- **लेखको संरचना:** लेखको मुख्य भाग अनिवार्य रूपमा निम्न क्रममा हुनुपर्नेछ: १. परिचय (Introduction) २. साहित्यको पुनरावलोकन (Review of Literature) ३. विश्लेषण (Analysis) ४. निष्कर्ष (Conclusion)
- **उद्धरण र सन्दर्भ (Citation and Referencing):** लेखभित्रका सबै उद्धरणहरू र अन्तिम सन्दर्भ सूची (Works Cited/References) अनिवार्य रूपमा **APA 7th** वा **MLA 9th** शैलीमा आधारित हुनुपर्नेछ।
- **गुणस्तर मापदण्ड:** प्रस्तुत लेखहरू व्याकरणिक र प्राविधिक रूपमा त्रुटिरहित हुनुपर्नेछ। लेखहरूले विद्यमान साहित्यको सारांश मात्र प्रस्तुत नगरी नयाँ दृष्टिकोण र विश्लेषणात्मक गहिराइ प्रदान गर्नुपर्नेछ।

**विशेष ध्यानाकर्षण:** माथि उल्लेखित मापदण्डहरू पूरा नगरेका लेखहरूलाई मूल्याङ्कन (Review) प्रक्रियामा समावेश गरिने छैन।

**मूल्याङ्कन प्रक्रिया (Review Process)**

'भरतपुर प्रज्ञा'ले कडा मूल्याङ्कन मापदण्ड अपनाउँछ। पेश गरिएका सबै लेखहरूलाई सुरुमा सम्पादकीय मण्डलले प्रारम्भिक छनोट गर्नेछ। प्रारम्भिक छनोटमा परेका लेखहरूलाई मात्र औपचारिक 'डबल-ब्लाइन्ड पियर-रिभ्यु' (Double-blind peer-review) प्रक्रियाका लागि पठाइनेछ।

**लेख पेश गर्ने विवरण**

- **लेख बुझाउने अन्तिम मिति:** २०८३ कार्तिक ६ गते (October 23, 2026)
- **Email:** pragyapratisthanbhr078@gmail.com

कृपया लेख पेश गर्नुअघि आफ्नो लेख राम्ररी सम्पादन गरिएको र यी निर्देशनहरू अनुसारको ढाँचामा रहेको सुनिश्चित गर्नुहोस्। हामी तपाईंका प्राज्ञिक योगदानहरूको अपेक्षा गर्दछौं।

प्रा.डा. नारायणप्रसाद खनाल
अध्यक्ष

इमेल: pragyapratishanbhr078@gmail.com

अध्यक्ष

CS Scanned with CamScanner